# काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

www .kankrebihar .com

राष्ट्रिय दैनिक






❒ वर्ष : २५ ❒ अंक : २५६ ❒ आइतवार, १४ असार, २०८३ ❒ Sunday, 28 June 2026 ❒ नेपाल संवत ११४६ ❒ पृष्ठ : ४ ❒ मूल्य : रु. १०


## राष्ट्रिय क्रिकेट च्याम्पियनसिपमा उषा बाल वाटिका विजयी



❒ काँक्रेविहार संवाददाता
सुर्खेत, १३ असार

कर्णाली प्रदेश अन्तरविद्यालय राष्ट्रिय क्रिकेट प्रतियोगिताको उपाधि उषा बाल बाटिका मावि सुर्खेतले जितेको छ।

शनिबार भएको रोमाञ्चक खेलमा उषा बाल वाटिका ले विजय मावि दैलेख लाई ६ रनले पराजित गर्दै। उपाधि उचालेको हो। वीरेन्द्रनगर मैदानमा टस जितेर पहिले फिल्डिङ रोजेको विजयामाविले उषा बाल वाटिकालाई निर्धारित २० ओभरमा ६ विकेटको क्षतिमा ९६ रनमा सीमित गरेको थियो। उषा बाल वाटिकाका बिशाल सिंह ले सर्वाधिक २२ रन बनाए भने प्रदीप सिंह १७ रनमा अविजित रहे। विजया माविका कलम शाही ले किफायती बलिङ गर्दै ४ ओभरमा १६ रन खर्चेर २ विकेट लिए। ९७ रनको लक्ष्य पछ्याएको विजया माध्यमिक विद्यालय १९.३ ओभरमा सबै विकेट गुमाउँदै ९० रनमै समेटियो। टोलीका लागि बिजय बोहोरा ले ३२ रनको संघर्षपूर्ण इनिङ्स खेले पनि अन्य ब्याटरले राम्रो साथ दिन सकेनन् । उषा बाल वाटिकाको जितमा लक्ष्मण शाह नायक बने। उनले उत्कृष्ट बलिङ गर्दै ४ विकेट लिएर मात्र १२ रन खर्चिए। योगेश आचार्य ले पनि २ विकेट लिएर टोलीको जितमा महत्वपूर्ण योगदान दिए।।जितसँगै उषा बाल वाटिकाले राष्ट्रिय स्तरको प्रतियोगितामा कर्णाली को प्रतिनिधित्व गर्नेछ।

## कर्णालीमा विकास मोडेल फेरिने संकेत :

# रुग्ण ठेक्का रद्द, उपभोक्तालाई जिम्मा दिने तयारी

*"कर्णाली प्रदेशमा हाल ३० लाख रुपैयाँभन्दा माथिका योजना अनिवार्य रूपमा ठेक्का प्रक्रियाबाट सञ्चालन गर्ने व्यवस्था लागू छ। तर सत्ता र प्रतिपक्ष दुवै दलका अधिकांश सांसदले अब एक करोड रुपैयाँसम्मका योजना उपभोक्ता समितिमार्फत सञ्चालन गर्नुपर्ने पक्षमा खुलेका छन्।"*

❒ काँक्रेविहार संवाददाता
सुर्खेत, १३ असार

कर्णाली प्रदेशमा विकास निर्माणको नयाँ मोडेल कार्यान्वयन गर्न पुरानो काम गर्ने शैली फेरिने संकेत देखिएको छ। जसका लागि एकातिर वर्षौंदेखि अलपत्र पारिएका सडक निर्माणका १६ वटा रुग्ण ठेक्का रद्द गर्ने प्रक्रिया अघि बढाइएको छ, भने अर्कोतिर एक करोड रुपैयाँसम्मका विकास योजना पुनः उपभोक्ता समितिमार्फत सञ्चालन गर्ने विषयमा सत्ता र प्रतिपक्षका सांसदहरू एकै धारमा उभिएका छन्।

यी दुई घटनाले प्रदेशको विकास व्यवस्थापन प्रणाली नयाँ मोडमा प्रवेश गर्न लागेको देखिएको छ। जुम्लास्थित सडक डिभिजन कार्यालयले कालिकोट र जुम्ला तथा मुगु जिल्लामा निर्माणाधीन तर वर्षौंदेखि अलपत्र रहेका १६ वटा सडक आयोजनाको ठेक्का सम्झौता अन्त्य गर्ने प्रक्रिया सुरु गरेको हो। उक्त कार्यालयले १५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दै सार्वजनिक खरिद ऐनबमोजिम ठेक्का रद्दको प्रक्रिया अघि बढाएको जनाएको छ। सडक डिभिजन कार्यालयका सूचना अधिकारी सौरभकुमार सिंहका अनुसार आर्थिक वर्ष २०७४/७५ देखि २०८२/८३ सम्म विभिन्न समयमा सम्झौता गरिएका कालिकोटका १२, जुम्लाका तीन र मुगुका एक गरी १६ वटा रुग्ण ठेक्का अन्त्य गर्न लागिएको हो। कार्यालय प्रमुख श्रवणकुमार महतराले पटक-पटक लिखित तथा मौखिक रूपमा निर्माण




व्यवसायीलाई काम सम्पन्न गर्न आग्रह गरिए पनि कुनै चासो नदिएपछि कानुनी प्रक्रिया अपनाएर ठेक्का रद्द गर्नुपरेको बताए। उनका अनुसार ठेक्का सम्झौता अन्त्यसँगै सम्बन्धित निर्माण व्यवसायीलाई कालोसूचीमा राख्ने, कार्यसम्पादन जमानत, धरौटी तथा पेस्की जफत गर्ने, पेस्की रकममा १० प्रतिशत ब्याज असुल गर्ने र बाँकी निर्माण खर्च सरकारी बाँकीसरह असुल गर्ने प्रक्रिया अघि बढाइएको छ।

यसअघि पनि कर्णाली राजमार्गअन्तर्गतका १० वटा रुग्ण आयोजनाको ठेक्का तोडिसकेको सडक डिभिजन कार्यालयले जनाएको छ। कार्यालयले काम नगरी आयोजना अलपत्र पार्ने प्रवृत्तिविरुद्ध कडाइ थालेको जनाएको छ।

यता प्रदेश सरकारको राजनीति केन्द्रमा भने विकास आयोजना कार्यान्वयनको मोडेल फेरि बहसमा आएको छ। कर्णाली प्रदेशमा हाल ३० लाख रुपैयाँभन्दा माथिका योजना अनिवार्य रूपमा ठेक्का प्रक्रियाबाट सञ्चालन गर्ने व्यवस्था लागू छ। तर सत्ता र प्रतिपक्ष दुवै दलका अधिकांश सांसदले अब एक करोड रुपैयाँसम्मका योजना उपभोक्ता समितिमार्फत सञ्चालन गर्नुपर्ने पक्षमा खुलेका छन्।

यसअघि अघिल्लो कार्यकालमा दलगत सहमतिका आधारमा ३० लाख रुपैयाँभन्दा माथिका योजना उपभोक्ता समितिबाट सञ्चालन नगर्ने निर्णय गरिएको थियो। त्यसबेला प्रतिपक्षमा रहेको नेकपा एमालेले यसलाई प्रमुख एजेण्डा बनाएको थियो। अहिले भने एमाले सरकारमा र नेकपा प्रतिपक्षमा रहे पनि दुवै पक्षका सांसदहरूको धारणा एउटै बनेको छ। प्रदेशसभा स्रोतका अनुसार प्रमुख प्रतिपक्षी नेकपाले यही विषयलाई मुख्य एजेण्डा बनाएर बिहीबार प्रदेशसभा बैठक अवरुद्ध गरेको थियो। औपचारिक रूपमा संसद्मा प्रस्ताव दर्ता नगरिए पनि सत्ता र प्रतिपक्षबीचको छलफलमा सरकारले ३० लाख रुपैयाँभन्दा माथिका योजनामा लागू गरेको ठेक्का प्रणाली पुनर्विचार गर्ने विषयमा सकारात्मक सहमति बनेपछि बैठक सञ्चालन भएको बताइएको छ।

यद्यपि प्रदेश सरकारका मन्त्रीहरूले यसबारे सार्वजनिक रूपमा स्पष्ट धारणा राखेका छैनन्। सत्तापक्षका सांसदहरू मौन देखिए पनि प्रतिपक्षले भने सरकारको निर्णय तत्काल फिर्ता लिनुपर्ने माग दोहोर्याउँदै आएको छ।

यसैबीच प्रदेशसभाको दोस्रो कार्यकालको आठौँ अधिवेशनअन्तर्गत 'कर्णाली प्रदेश विनियोजन विधेयक, २०८३' अन्तर्गत भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय तथा आर्थिक मामिला तथा योजना मन्त्रालयको बजेटमाथि छलफल जारी छ।

प्रतिपक्षको अर्को असन्तुष्टि आर्थिक मामिला तथा योजनामन्त्री राजीवविक्रम शाहले बजेटमाथिको सामान्य छलफलका क्रममा सांसदहरूले उठाएका प्रश्नको स्पष्ट जवाफ नदिनु पनि हो। मन्त्री शाहले मन्त्रालयगत छलफलका क्रममा सम्बन्धित मन्त्रीहरूले जवाफ दिने भन्दै विषय टारेका थिए।

पूर्व आर्थिक मामिला तथा योजनामन्त्री तथा नेकपा सांसद विन्दमान विष्टले सरकार संसद्प्रति उत्तरदायी बन्न नसकेको आरोप लगाए। उनले सामान्य छलफलमा उठेका गम्भीर विषयमा अर्थमन्त्रीले स्पष्ट र तथ्यमा आधारित जवाफ दिनुपर्ने बताए। उनले बजेटमा समावेश नगरिएको 'छोरी बैंक खाता' कार्यक्रमबारे पनि सरकारले स्पष्ट धारणा सार्वजनिक गर्नुपर्ने माग गरे।

प्रतिपक्षी नेता मंगलबहादुर शाहीले पनि सरकारले सांसदहरूको प्रश्नको विश्वसनीय उत्तर नदिएसम्म सदनको कार्यसूची अघि बढाउन नहुने अडान राखेका थिए। प्रदेशमा एकातिर ठेक्का प्रणालीका कारण वर्षौंदेखि विकास आयोजना अलपत्र परेका छन् भने अर्कोतिर उपभोक्ता समितिमार्फत योजना सञ्चालन

बाँकी पृष्ठ २

## सरकार गरिबमुखी नभएको हर्क साम्पाङको आरोप

❒ काँक्रेविहार संवाददाता
सुर्खेत, १३ असार

श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङले वर्तमान सरकार जनमुखी र गरिबमैत्री बन्न नसकेको आरोप लगाएका छन्।

शनिबार सुर्खेत विमानस्थलमा सञ्चारकर्मीसँग कुरा गर्दै उनले बढ्दो महँगीले सर्वसाधारणको जनजीवन कष्टकर बन्दै गएको भए पनि सरकार मौन बसेको टिप्पणी गरे।

सरकारले भूमिहीन तथा सुकुम्बासी समुदायमाथि गरेको कारबाहीले समेत सरकार गरिब र विपन्न वर्गप्रति संवेदनशील नरहेको पुष्टि गरेको साम्पाङको भनाइ थियो।

उनले राज्यका निर्णयहरू कमजोर वर्गको हितभन्दा विपरीत दिशामा गएको



आरोप लगाए।

अध्यक्ष साम्पाङले प्रधानमन्त्रीको पछिल्लो कार्यशैली र सार्वजनिक अभिव्यक्तिप्रति पनि असन्तुष्टि व्यक्त गरे। प्रधानमन्त्री संसद र नागरिकप्रति उत्तरदायी हुनुपर्ने उल्लेख गर्दै उनले सीमा सम्बन्धी विषयमा प्रधानमन्त्रीले दिएको अभिव्यक्ति विवादास्पद भएकाले त्यसबारे स्पष्ट पार्न वा प्रमाणसहित पुष्टि गर्नुपर्ने माग गरे।

नेपाल-भारत सीमा तथा जग्गा सम्बन्धी विषयमा यसअघि संसदमा भएका विवादास्पद अभिव्यक्तिहरू संसदीय अभिलेखबाट हटाइनुपर्ने आफ्नो अडान यथावत रहेको उनले बताए। संसद अवरुद्ध गरेको आरोप अस्वीकार गर्दै साम्पाङले आफूले संसद अवरोध नगरेको, बरु जनताको आवाज उठाउने दायित्व पूरा गरेको दाबी गरे।

देशव्यापी संगठन विस्तार तथा नागरिकसँग प्रत्यक्ष संवाद गर्ने अभियानअन्तर्गत आफू सुर्खेत आएको जानकारी दिँदै उनले पार्टी अध्यक्ष र सांसदको भूमिकामा देशभरका नागरिकका समस्या, अपेक्षा र सुझाव बुझ्न जिल्ला-जिल्लामा पुग्ने अभियानलाई निरन्तरता दिएको बताए ।

"स्थानीय तहको नेतृत्व गर्दा जिम्मेवारी सीमित क्षेत्रसम्म थियो, अहिले पार्टी अध्यक्ष र सांसदको हैसियतले देशभरका नागरिकसँग प्रत्यक्ष भेटघाट गरेर उनीहरूको अपेक्षा बुझ्नु आवश्यक भएको छ," साम्पाङले भने।

## कर्णाली प्रदेशस्तरीय टेबलटप कृत्रिम घटना अभ्यास

❒ काँक्रेविहार संवाददाता
सुर्खेत, १३ असार

विनासकारी भूकम्प गएको अवस्थामा जीवनरक्षक खोज, उद्धार तथा आपत्कालीन् स्वास्थ्य सेवा प्रवाह कसरी गर्न सकिन्छ भन्ने बारेमा 'कर्णाली प्रदेशस्तरीय टेबलटप कृत्रिम घटना अभ्यास' सम्पन्न गरिएको छ। कर्णाली प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय सुर्खेतको आयोजना, युरोपेली संघ (ईयु), युएनडिपी, युएनओमन, युनिसेफ, ह्याण्डिक्याप इन्टरनेश्नलको समन्वय तथा सुन्दर नेपाल संस्थाको स्थानीय साझेदारीमा सहरी विपद् तथा भूकम्पीय पूर्वतयारी परियोजनाअन्तरगत आज वीरेन्द्रनगर सुर्खेतमा 'कर्णाली प्रदेशस्तरीय टेबलटप कृत्रिम घटना अभ्यास' सम्पन्न भएको हो। उक्त कार्यक्रममा विपद् विषयका



विज्ञ डा. सिर्जन मल्लले विनासकारी भूकम्प गएको समयमा राज्यका संयन्त्रको शीघ्र खोज, उद्धार तथा आपतकालीन् स्वास्थ्य सेवामा गर्नुपर्ने कार्यका विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए। विपद्को समयमा खोज तथा उद्धारमा हुने ढिलाईले जनधनको ठूलो क्षति हुने भएकोले यसमा राज्यका सबै संयन्त्रको क्रियाशीलता बढाउन गरिने क्रियाकलापका विषयमा उनले जानकारी दिए।

अभ्यासको क्रममा प्रदेश विपद् व्यवस्थापन समिति, विषयगत समुह तथा निजी क्षेत्र र प्रदेश आपतकालीन आपतकालीन् सञ्चालन केन्द्रले छुट्टा छुट्टै समुह कार्य गरी कार्ययोजना निर्माण गरेका थिए। समुह कार्यमा विपद्को बेला सम्बन्धित निकायहरुको भूमिका, जिम्मेवारी र प्राथमिकताका विषयमा व्यापक छलफल भएको थियो। अभ्यासमा प्रदेश विपद् व्यवस्थापन समितिको तर्फबाट प्रमुख सेनानी प्रज्ज्वल अधिकारीले आधुनिक प्रविधिमैत्री विश्व सञ्चारलाई आधार बनाउँदै टोलीलाई कसरी तैनाथ गर्ने, यसमा क-कसको के भूमिका हुने भन्ने तथ्य समुह कार्यबाट निकालिएको निष्कर्ष प्रस्तुत गरे। गोदाम घरको प्रवलीकरण, नीतिगत हिसाबले हरेक निकायमा भएका अभ्यास तथा प्रयास, विपद्बाट जनधन क्षति हुँदा त्यसको व्यवस्थापन कसरी गर्ने भन्नेबारे कार्ययोजना निर्माण गरिएको उनले जानकारी दिए। विषयगत समुह तथा निजी क्षेत्रको नेतृत्व गर्दै विश्व स्वास्थ्य संगठनका डा.भोजराम बमले जीवनरक्षक, राहत तथा आपतकालीन् स्वास्थ्य सेवाका क्रियाकलाप कसरी गर्ने, आपतकालीन् क्षमता बढाउने, कर्णाली र भेरी करिडोर

बाँकी पृष्ठ २

सम्पादकीय

# नागरिक अपेक्षा केन्द्रमा राखेर निर्णय गर

कर्णाली प्रदेशमा विकास योजनाको कार्यान्वयन प्रणाली फेरी एकपटक राजनीतिक बहसको केन्द्रमा पुगेको छ । केही वर्षअघि ३० लाख रूपैयाँभन्दा माथिका योजनालाई अनिवार्य रूपमा ठेक्का प्रक्रियाबाट सञ्चालन गर्ने निर्णयलाई सुशासन र पारदर्शितातर्फको सुधारका रूपमा प्रस्तुत गरिएको थियो । तर अहिले त्यही निर्णयलाई उल्ट्याएर एक करोड रूपैयाँसम्मका योजना पुनः उपभोक्ता समितिमार्फत सञ्चालन गर्ने तयारी भइरहेको छ । यस विषयमा सत्ता र प्रतिपक्ष दुवै एकै ठाउँमा उभिएका छन् । यसमा राजनीतिमा धारणा बदलिनु अस्वाभाविक होइन, तर परिवर्तनको आधार राजनीतिक सुविधा हो कि सार्वजनिक हित भन्ने प्रश्नको उत्तर स्पष्ट हुनुपर्छ । हिजो उपभोक्ता समितिबाट हुने काममा अनियमितता, गुणस्तरहीन निर्माण र राजनीतिक हस्तक्षेपको आरोप लगाउँदै ठेक्का प्रणालीलाई प्राथमिकता दिने दलहरु आज किन विपरीत धारमा पुगे भन्ने बिषयमा प्रश्न नउठेको होइन । तर यदी अघिल्लो निर्णय गलत थियो भने त्यसको औचित्य के थियो ?

कर्णालीमा आयोजना निर्माणमा ठेक्का प्रणाली पूर्ण रूपमा सफल भएको पनि देखिएको छैन । कर्णालीका सडक, पुल र अन्य पूर्वाधारका दर्जनौँ आयोजना वर्षौँदेखि अलपत्र छन् । निर्माण व्यवसायीले ठेक्का लिएर काम नगर्ने, समयमै सम्पन्न नगर्ने र राज्यले प्रभावकारी कारबाही गर्न नसक्ने प्रवृत्तिले विकासलाई गम्भीर क्षति पुर्‍याएको छ । अहिले सडक डिभिजन कार्यालयले एकैपटक १६ वटा रूग्ण ठेक्का तोड्ने प्रक्रिया सुरू गर्नु पनि यही समस्याको परिणाम हो । यसले ठेक्का प्रणालीभित्र रहेका कमजोरी उजागर गरेको छ । तर यसको अर्थ उपभोक्ता समिति नै सबै समस्याको समाधान हो भन्ने होइन । उपभोक्ता समितिमार्फत सञ्चालन भएका योजनामा पनि राजनीतिक संरक्षण, सीमित व्यक्तिको नियन्त्रण, प्राविधिक कमजोरी र आर्थिक अनियमितताका प्रश्न विगतदेखि उठ्दै आएका छन् । त्यसैले एउटा कमजोर प्रणालीको विकल्प अर्को कमजोर प्रणाली बन्नु हुँदैन । किनकी कर्णाली जस्तो प्रदेशमा स्थानीय सहभागिता र रोजगारी सिर्जनाको दृष्टिले उपभोक्ता समितिको भूमिका महत्त्वपूर्ण हुन सक्छ ।

यतिबेला अर्को चिन्ताको विषय प्रदेश सरकारको संसद्प्रतिको उत्तरदायित्व पनि बनेको छ । बजेटमाथिको छलफलमा उठेका प्रश्नको स्पष्ट उत्तर दिन नसक्दा प्रतिपक्षले सदन अवरूद्ध गर्नुपरेको अवस्था लोकतान्त्रिक अभ्यासका लागि सकारात्मक संकेत होइन । सरकारले नीति, कार्यक्रम र बजेटबारे तथ्यमा आधारित जवाफ दिनु उसको संवैधानिक दायित्व हो । संसद्को प्रश्नलाई टार्ने होइन, सम्बोधन गर्ने संस्कार विकास गर्नुपर्छ । कर्णालीलाई अहिले आवश्यक परेको कुरा कुनै एक प्रणालीको अन्धसमर्थन होइन, परिणाममुखी विकास हो । योजना उपभोक्ता समितिबाट होस् वा ठेक्का प्रक्रियाबाट, जनताले समयमै गुणस्तरीय पूर्वाधार पाउनुपर्छ । त्यसका लागि कानुनको निष्पक्ष कार्यान्वयन, प्रभावकारी अनुगमन र जवाफदेहिता अनिवार्य छ । राजनीतिक दलहरूले आफ्नो विगतको अडानभन्दा वर्तमानको निर्णय किन फरक छ भन्ने कुरा जनतासामु स्पष्ट पार्नुपर्छ ।

# के नेपाल युगान्तकारी परिवर्तनका लागि तयार छ ?



✍ सञ्जु दाहाल

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले ऐतिहासिक परिणामसहित निर्वाचन जितेर करिब दुईतिहाइ हाराहारीको बलियो सरकार निर्माण गरेको तीन महिना पुग्नै लागेको छ । यही अवधिमा रास्वपा अध्यक्ष रवि लामिछाने भारत भ्रमण सकेर फर्किसकेका छन् । भ्रमणलाई नेपाल-भारत सम्बन्ध सुमधुर राख्ने परम्पराकै एउटा महत्त्वपूर्ण कडी मानिएको छ ।

चितवनमा आयोजित महाधिवेशनबाट पनि उनी नै पार्टी नेतृत्वमा दोहोरिएका छन् । महाधिवेशनपश्चात् उनको अर्को वैदेशिक भ्रमण छिमेकी मित्रराष्ट्र चीन हुन सक्छ । चीन आजको विश्वको उदाउँदो आर्थिक केन्द्र हो । चीनको आर्थिक विकासले विश्व अर्थतन्त्रमा उल्लेखनीय हिस्सा ओगटेको छ ।

अनेक बाधा व्यवधानलाई चातुर्यपूर्वक अवसरमा परिणत गर्दै पूर्वाधार विकासको क्षेत्रमा चीनले गत सत्तरी वर्षयता ऊर्जा, यातायात र सूचना प्रविधितर्फ ठूलो प्रगति गरेको छ । ऊर्जा उत्पादनमा चीन विश्वकै दोस्रो स्थानमा छ । रेलमार्ग, जलमार्ग र हवाई मार्गको विकासमा पनि ठूलो फड्को मारेको छ ।

चिनियाँ समाजवादको अभ्यास, गरिबी निवारणको महत्त्वाकांक्षी योजना, आधुनिक शिक्षा, यातायात, कृषि विकास, मेसिनरी-यन्त्र उत्पादन र अन्तरिक्ष प्रविधिको विकासले चीनलाई विश्वको साँच्चिकै उत्कृष्ट राष्ट्र बनाएको छ । यो परिप्रेक्ष्यमा रवि लामिछानेको सम्भावित भ्रमण चर्चायोग्य सन्दर्भ हुन जान्छ । रास्वपा नेपालको नयाँ राजनीतिक शक्ति हो । चीनप्रति रास्वपा पनि गम्भीर हुनु अपरिहार्य छ ।

पूर्वाधार, लगानी र बीआरआई

नेपालका राजनीतिक शक्तिहरूले 'बेल्ट एन्ड रोड इनिसिएटिभ' अर्थात् बीआरआईको महत्त्व अझै राम्रोसँग ठम्याउन नसकेको जस्तो देखिन्छ । तर आधुनिक नयाँ राजनीतिक शक्ति भएको कारण रास्वपाले भने केही बुझेको हुनुपर्छ । वास्तवमा, चीनको बीआरआईले साझा आर्थिक विकासको अवधारणा तथा सहकार्यमा आधारित विकासको प्रगतिशील मार्गका रूपमा विश्वलाई एक सूत्रमा बाँध्दै छ ।

बीआरआई एक प्रकारको प्लेटफर्म एवम् सञ्जाल पनि हो । यसले स्थानीय जनसमुदाय, सरकार, प्रादेशिक सरकार, केन्द्रीय सरकार र चीन सरकारसहित चिनियाँ उद्योग-व्यवसायी तथा अन्य लगानीकर्तालाई एउटै छातामुनि ल्याउँछ । साथै साझा योजना बनाउँदै समान लगानीमार्फत समान आम्दानी गर्ने अवसर सिर्जना गर्छ । यसैगरी चीनले अफ्रिका, युरोप तथा एसिया सबैतिर समृद्धिको मार्ग खोल्दैछ । विगतमा नेपाली कांग्रेस र नेकपा (एमाले) आपसी सत्तागठबन्धनमा रहेका बेला चिनियाँ पूर्वाधार परियोजना बीआरआईमा आबद्ध हुने निर्णय नेपालले लिई नै सकेको छ । सन् २०१३ मा राष्ट्रपति सी चिनफिङले अन्तर्राष्ट्रिय पूर्वाधार तथा आर्थिक सहकार्य विकास कार्यक्रमका रूपमा बीआरआईको प्रस्ताव गरेका थिए । यो प्रस्तावको अन्तर्यमा प्राचीन समयमा व्यापारिक प्रयोजनका लागि प्रयोग हुने रेशम मार्ग अर्थात् 'सिल्क रोड' को ऐतिहासिक विरासतलाई आधुनिक सन्दर्भमा पुनर्जीवित गर्ने लक्ष्य छ ।

बीआरआई अन्तर्गत एसिया, युरोप, अफ्रिका तथा अन्य क्षेत्रहरूलाई सडक, रेलमार्ग, बन्दरगाह, ऊर्जा र डिजिटल सञ्जालमार्फत जोड्ने प्रयत्न गरिएको छ । व्यापार, लगानी, क्षेत्रीय सम्पर्क र आर्थिक विकासलाई प्रवर्द्धन गर्ने उद्देश्य राखिएको यो परियोजना विश्वका धेरै देशहरूमा पूर्वाधार विकास तथा अन्तरदेशीय सहकार्यको महत्त्वपूर्ण माध्यमका रूपमा विकसित भएको छ । निःसन्देह नेपालले पनि यसबाट फाइदा लिन सक्नुपर्छ । यो अवसरलाई नयाँ राजनीतिक शक्तिका रूपमा रास्वपाले चिन्न सक्नुपर्छ र नेपालको भव्य पूर्वाधार निर्माणको मार्गमा निर्धक्क अगाडि बढ्नुपर्छ ।

चीन र रास्वपा

नेपालमा रास्वपा नेतृत्वको सरकार बनेलगत्तै चिनियाँ कम्युनिस्ट पार्टीले एउटा सन्देशपत्रमार्फत रास्वपासँगको बढ्दो सम्बन्ध र सहकार्यप्रति खुसी व्यक्त गर्नुका साथै आगामी दिनमा दुई राजनीतिक शक्तिबीचको सम्बन्ध अझै प्रगाढ हुने विश्वास गरेको थियो । चीन र नेपालबीचको सम्बन्ध एवम् विश्वासलाई थप गहन बनाउँदै दुवै देश र जनताको हितका लागि 'साझा भविष्यसहितको समुदाय' निर्माण गर्ने सङ्कल्प पनि दोहोर्‍याएको थियो ।

सो पत्रमा रास्वपाले पनि नेपाल-चीनबीचको परम्परागत मैत्रीपूर्ण सम्बन्धलाई नयाँ उचाइमा पुर्‍याउन महत्त्वपूर्ण योगदान दिने चीनको विश्वाससमेत व्यक्त गरिएको छ । यता रास्वपाले पनि नेपालको स्वतन्त्र परराष्ट्रनीति र पञ्चशीलको सिद्धान्तमा अडिग रहँदै छिमेकी मुलुकहरूसँगको सम्बन्धलाई सधैँ प्राथमिकतामा राख्ने जनाइसकेको छ ।

विगत केही दशकदेखि सत्तामा रहेका पुराना नेताहरू विस्थापित भएसँगै नयाँ शिराबाट कूटनीतिक सम्बन्ध सञ्चालन गर्ने अवसर पनि नयाँ सरकारलाई आएको छ । एक चीन नीतिमा रास्वपाको सार्वजनिक अडान छ । त्यसो हुँदा विदेश नीतिको हकमा एकदमै ठूलो रूपान्तरणकारी नीतिगत फेरबदल हुने सम्भावना छैन ।

अब रास्वपाको मूलभूत ध्येय भनेको नेपालको आर्थिक रूपान्तरणमा साझा सम्बन्धलाई विस्तार गर्ने मात्रै हो । उसले आफ्नो वाचापत्रमा चीनसँग सहुलियत वित्तको परिचालनमार्फत विश्वस्तरीय पूर्वाधार निर्माण, आर्थिक-सामाजिक विकासका लागि राज्य निर्देशित लक्ष्य र कार्यक्रम तय गरिने जनाएको छ । त्यसैले आर्थिक विकास र पूर्वाधारका ठूला योजना निर्माण गरेर बीआरआईको सहायतामा सम्पन्न गराउन अघि बढ्ने समय आएको छ ।

पूर्वाधार विकासका सम्भावित योजनाहरू

नेपालको भौगोलिक अवस्थिति विशिष्ट प्रकारको छ । भारततिर जोडिएको भूगोल तुलनात्मक सहज भए तापनि चीन-नेपाल जोड्ने मार्ग भने अलि कठिन छ । यद्यपि नेपाल-चीनबीच जनस्तरको सम्बन्ध जीवन्त राख्न सम्पूर्ण उत्तरी नाकाहरू सुरक्षित रूपले खोल्नु जरुरी छ । नेपाल-चीन सीमाका १० वटा नाकादेखि पुष्पलाल लोकमार्ग जोड्ने १० वटा सडक अन्तर्राष्ट्रिय स्तरका राजमार्गका रूपमा खोल्नुपर्छ ।

आपसमा हुने पूर्वाधारको 'कनेक्सन'ले नै सम्बन्ध विस्तार गर्ने हो । गहन सम्बन्ध बनाउन पूर्वाधारको कनेक्सन अपरिहार्य हुन्छ । अबका दिनमा रेल, सडक, सुरुङ, जल एवम् हवाईजस्ता सबै मार्गबाट नेपाल-चीन जोडिनुपर्छ । केरुङ-काठमाडौँ, काठमाडौँ-पोखरा-लुम्बिनी/बुटवल, पूर्व-पश्चिम विद्युतीय तथा सात प्रदेशसम्बद्ध रेलमार्ग निर्माण थाल्न अब ढिला गर्नुहुँदैन ।

त्यसैगरी सडकको क्षेत्रमा टिङ्कर-दार्चुला-दशबाँझ-धनगढी सडक, हिल्सा-सिमकोट-सुर्खेत सडक, कार्मारोङ-गमगढी-सिञ्जा सडक, कोरोला-मुक्तिनाथ-पाल्पा-बुटवल सडक, केरुङ-रसुवागढी-छहरे-काठमाडौँ सडक, खासा-कोदारी-पाँचखाल-धुलिखेल सडक, लामाबगर-तामाकोसी-भिमान सडक, ओलाङचुङगोला-फुङलिङ-इलाम-पाँचथर-झापा सडक, किमाथाङ्का-फुङलिङ सडकलाई अन्तर ाष्ट्रिय स्तरको मापदण्डसहित निर्माण गर्नुपर्ने देखिन्छ ।

त्यस्तै पुष्पलाल (मध्यपहाडी) लोकमार्ग, हुलाकी एवम् मदन भण्डारी लोकमार्गलाई पूर्ण गर्दै ६ लेनको अन्तर्राष्ट्रिय स्तरको सडकमा स्तरोन्नति गर्नुपर्छ । अब सडक उकालो-ओरालो, घुमाउरो होइन, सिधा निर्माण गर्नेमा प्राथमिकता दिनुपर्छ । बरु आवश्यक स्थानमा सुरुङ वा पुल निर्माण गर्नुपर्छ । इन्जिनियरिङ क्षेत्रमा आधुनिकीकरण अपरिहार्य भइसकेको छ ।

नेपालको तराई क्षेत्र हिउँदको याममा सुक्खा तथा वर्षायाममा पानीले डुबानमा पर्ने गरेको सबैलाई विदितै छ । नेपालको अन्न भण्डारका रूपमा रहेको तराईको समस्या समाधानका लागि पूर्व-पश्चिम जलमार्ग निर्माण गरेर बाढी नियन्त्रण गर्दै सम्पूर्ण तराईमा सिँचाइ गर्नुपर्छ । तराईको संरक्षण नेपालको असाध्यै महत्त्वपूर्ण कार्यभार हो । धनगढी, भैरहवा, निजगढ र भद्रपुर विमानस्थलहरूलाई अत्याधुनिक अन्तर्राष्ट्रिय विमानस्थलका रूपमा विकास गर्नुपर्छ । नेपालका सातवटै प्रदेशमा चिनियाँ संस्कृति झल्कने चिनियाँ बजार, चिनियाँ उत्पादन र चिनियाँ व्यवसायीहरूको केन्द्रका रूपमा सात सहर अर्थात् 'चाइना टाउन' निर्माण गर्नुपर्छ ।

सबै प्रदेशमा नेपाल-चीन मैत्री पाँचतारे होटेल, अस्पताल र प्राविधिक शिक्षालयहरू खोल्नुपर्छ । हामी नेपालीहरू यति सबै ठूला एवम् भव्य योजनाहरू सुन्न पनि सक्दैनौँ, हामीमा आत्मविश्वास छैन । विकासको चेतनाको स्तर पनि ज्यादै न्यून छ । निश्चय पनि सिर्जनाको सुरुवात सपनाबाटै हुने हो । हामीले ठूला सपना देख्न सङ्कोच मान्नुहुँदैन । अहिले जनताले रास्वपाप्रति ठूलो विश्वास गरेका छन् ।

# माइतीघरमा सुकुमबासीहरूको प्रदर्शन

काँक्रेविहार संवाददाता
काठमाडौं, १३ असार

सुरक्षित पुनर्स्थापनाको सुनिश्चित नगरी कुनै पनि परिवारलाई होल्डिङ सेन्टरबाट नहटाउन माग गर्दै होल्डिङ सेन्टरमा रहेका भूमिहीन सुकुमबासी तथा अव्यवस्थित बसोबासीहरुले काठमाडौंमा प्रदर्शन गरेका छन् ।

सुरक्षित पुनर्स्थापना, भू-स्वामित्वसहितको बास अधिकार तथा सम्मानजनक आवास सुनिश्चित नगरी कुनै पनि परिवारलाई होल्डिङ सेन्टरबाट बलपूर्वक नहटाउन माग गर्दै उनीहरूले शनिबार काठमाडौँको माइतीघरदेखि बबरमहलसम्म प्रदर्शन गरेका हुन् ।



उनीहरूले सरकारले पटक पटक दिएको आश्वासन कार्यान्वयन गर्दै संविधान र कानुन बमोजिम दिगो, उचित न्यायपूर्ण र मानवीय समाधान तत्काल सुनिश्चित गर्न माग गरेका छन् भने पुनर्स्थापना नै गर्ने भए घर भत्काइएको स्थान वा कानुन बमोजिम उपयुक्त स्थानमा भू-स्वामित्वसहितको स्थायी व्यवस्थापनको समेत माग गरेका छन् ।

प्रदर्शनका क्रममा होल्डिङ सेन्टरमा रहेका भूमिहीन सुकुमबासी तथा अव्यवस्थित बसोबासीका तर्फबाट दलमर्दन कामीले होल्डिङ सेन्टरमा रहेकालाई हट्नका लागि पटक पटक दबाब दिँदा मानसिक तनाव उत्पन्न भएको बताए ।

उनले सरकारका विभिन्न निकाय र प्रहरीहरूले २५ हजार बुझेर होल्डिङ सेन्टर छाड्नका दबाब दिएको उल्लेख गरे ।

उनले आफूहरूलाई सरकारले सडकमा अलपत्र पार्न खोजिएको भन्दै तत्काल उचित व्यवस्थापन गर्न माग गरे । प्रदर्शनमा सहभागीहरूले डोजर होइन, समाधान दे, जनता मार्न पाइँदैन, यस्तो सरकार चाहिँदैन, गरिब माथिको ज्यादती बन्द गर लगायत लेखिएका प्लेकार्ड प्रदर्शन गरेका थिए ।

अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिले शुक्रबार सूचना जारी गर्दै असार १९ गतेसम्म होल्डिङ सेन्टर छाड्न भनेपछि उनीहरू आन्दोलित भएका हुन् ।

## कर्णाली...

दुवैमा वायरहाउस खोल्नुपर्ने, तीन तहको सरकारबीच समन्वय प्रभावकारी बन्नुपर्ने, खानेपानी तथा सरसफाई, खाद्य तथा पोषण सेवाको कार्यादिश र त्यसको प्रमुख जिम्मेवारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले लिनुपर्ने सुझाव दिए । त्यसैगरी, प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्रको नेतृत्व गर्दै नेपाल रेडक्रस सोसाईटी कर्णाली प्रदेशका प्रतिनिधि यज्ञ लामिछानेले सबै पालिकाका स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्रलाई क्रियाशील बनाउनुपर्ने समुह कार्यको निष्कर्ष रहेको बताए जिल्ला विपद् व्यवस्थापन समितिको भूमिका सबैभन्दा महत्वपूर्ण हुने भएकोले त्यसको क्षमता अभिवृद्धि गर्नुपर्ने उनको भनाई थियो ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय कर्णाली प्रदेशका सचिव निधिराज न्यौपानेले पहिचान भएका अन्तराल एवं समस्याहरुले विपद् पूर्वतयारी र प्रतिकार्यमा सहयोग पुग्ने बताए । "हामीले गरिरहेका गतिविधिहरुको पुनरावलोकन हुनुपर्दछ," उनले भने भन्नुभयो, "टेबलटप अभ्यासले फिल्डमा पुगेर गर्ने कामको ढाँचा निर्माण र त्यसको प्रभावकारी कार्यान्वयनमा जोड दिने कुरामा बल पुग्ने अपेक्षा गरेको छु ।" सहजकर्ता दामोदर अधिकारीले ठूलो विपद्मा हाम्रो तयारी कस्तो हुने र त्यसको प्रभावकारिता कसरी बढाउने भन्ने विषय प्रमुख भएको बताए । जोखिम क्षेत्र पहिचान, त्यसका लागि आवश्यक समन्वय हुनुपर्ने र कार्ययोजना राम्रो आउनुपर्ने उनको भनाई थियो । अभ्यासमा सहभागी वक्ताहरुले नागरिक विषयगत क्षेत्रको समन्वयात्मक संयन्त्रलाई बलियो बनाउनुर्नेमा जोड दिइएको थियो । कार्यक्रममा विनासकारी भूकम्प गएको, भौतिक तथा राज्यका सबै संरचनाहरु ध्वस्त भएको, सडक, पूल भत्केर आवातजावत अवरुद्ध, सञ्चारका सबै स्रोत तथा संरचना पनि ध्वस्त भई सम्पर्क विच्छेदको अवस्थामा कसरी खोज, उद्धार तथा आपत्कालीन स्वास्थ्य सेवा दिन सकिन्छ भन्ने विषयमा भएको अभ्यासले मूलतः आपतकालीन् अवस्थामा व्यक्ति, समाज, समुदाय, राज्यका सबै संरचनाहरु बीचको आपसी समन्वय तथा सहकार्य हुनुपर्ने सहभागीहरुले सुझाएका थिए ।

## रुग्ण...

गर्दा स्थानीय सहभागिता र रोजगारी बढ्ने तर्क सांसदहरूले अघि सारेका छन् त्यसैले विकास निर्माणको प्रभावकारी मोडेलबारे बहस झन् तीव्र बनेको छ ।

यदि सरकारले ३० लाख रुपैयाँभन्दा माथिका योजनामा लागू गरिएको ठेक्का प्रणाली हटाएर एक करोड रुपैयाँसम्मका योजना उपभोक्ता समितिमार्फत सञ्चालन गर्ने निर्णय गर्यो भने कर्णालीमा विकास आयोजना कार्यान्वयनको अभ्यास फेरि नयाँ ढाँचामा फर्किनेछ । त्यसले स्थानीय तहमा रोजगारी सिर्जना, स्थानीय सहभागिता र साना तथा मध्यमस्तरका योजनाको कार्यान्वयन शैलीमा समेत उल्लेख्य प्रभाव पार्ने अपेक्षा गरिएको छ ।

# हुम्ला अस्पतालमा जटिल शल्यक्रिया सफल



कॉंक्रेविहार संवाददाता
हुम्ला, १३ असार

हुम्लाको जिल्ला अस्पतालमा दक्ष चिकित्सकसहितको विशेषज्ञ टिमको व्यवस्था भएपछि जटिल खालका बिरामीको शल्यक्रिया सफलतापूर्वक भइरहेको छ।

सीमित स्रोतसाधन र दुर्गम भौगोलिक अवस्थाबिच पनि स्वास्थ्यसेवा कार्यालय हुम्लाको जिल्ला अस्पतालमा एकपछि अर्को जटिल प्रकारका शल्यक्रिया सफलतापूर्वक गर्न सकिएको कार्यालय प्रमुख एवं विशेषज्ञ चिकित्सक डा. उमाकान्त तिवारीले बताए।

पछिल्लो समययता जुम्ल्याहा शिशु रहेको गर्भावस्थाजन्य जटिल अवस्थाको बिरामीको सफल शल्यक्रिया गरिएको बताउँदै डा. तिवारीले भने, “आमाको उच्च रक्तचाप अनि प्रसूतिको दोस्रो चरण, शिशुको उल्टो प्रस्तुति भएको जोखिमपूर्ण अवस्थामा पनि जिल्लामै हामीले शल्यक्रिया गर्न सफल भयौं।”

जिल्लामा विशेषज्ञ चिकित्सकको टिम भएकाले केही जटिल अवस्थाका केस पनि सफलतापूर्वक नै सम्पन्न भएको पनि डा. तिवारीले बताए।

भौगोलिक विकटता, सीमित पूर्वाधार तथा विभिन्न चुनौतीका बाबजुद जिल्ला अस्पतालले सहज स्वास्थ्य सेवा उपलब्ध गराइरहेको छ भने स्वास्थ्यसेवा सुधारमा महत्वपूर्ण योगदान पुऱ्याएको छ।

अस्पतालले जटिलखालका शल्यक्रिया, दुर्घटनाका घाइतेको उपचार तथा कैलाश-मानसरोवर तीर्थयात्राका क्रममा बिरामी परेका स्वदेशी तथा विदेशी यात्रुलाई प्रभावकारी उपचारसेवा प्रदान गर्दै आएको छ। जिल्लामा यत्तिको जनशक्ति नभएको भए कतिपय जटिल अवस्थाका सर्वसाधारणले मृत्युकै मुखमा पुग्नुपर्ने बाध्यता थियो भने लाखौं रुपियाँ खर्च गरेर जिल्लाबाहिर उपचार गर्नुपर्ने अवस्था थियो। दुर्गम जिल्लामा सहज स्वास्थ्यसेवा पाउँदा स्थानीयवासीले भने उल्लेखनीय उपलब्धिका रूपमा लिएका छन्।

# डिजिटल मिडियाको अवसर र चुनौतीबारे अन्तरक्रिया

कॉंक्रेविहार संवाददाता
सल्यान, १३ असार

डिजिटल प्रविधिको तीव्र विकासले सञ्चार क्षेत्रमा नयाँ अवसर सिर्जना गरे पनि त्यससँगै भ्रामक सूचनाको प्रचार तथा पत्रकारिताको विश्वसनीयतामाथि चुनौती थपिएको सरोकारवालाहरुले बताएका छन्।

वीरेन्द्रनगर नगरपालिकाको सहयोग तथा नेपाल प्रेस युनियन सुर्खेत शाखाको आयोजनामा डिजिटल मिडियाको अवसर र चुनौती विषयक अन्तरक्रिया कार्यक्रममा सहभागि भएका सरोकारवालाहरुले यस्तो बताएका हुन्। पत्रकार ललित बुढाले डिजिटल मिडियालाई समयको आवश्यकता र अवसरका रूपमा ग्रहण गर्नुपर्ने बताउँदै यसको प्रभावकारी व्यवस्थापनका लागि राज्यको स्पष्ट नीति आवश्यक रहेको बताए। उनले डिजिटल माध्यमलाई रोक्नेभन्दा पनि व्यवस्थित र जिम्मेवार बनाउनेतर्फ ध्यान दिनुपर्ने उल्लेख गरे।

पत्रकार मालती केसीले डिजिटल मिडियाको प्रभाव, चुनौती र सम्भावनाबारे व्यापक बहस आवश्यक रहेको बताउँदै यस विषयलाई नीति निर्माण तहसम्म लैजानुपर्नेमा जोड दिइन्। राष्ट्रिय समाचार समिति (रासस) कर्णाली प्रदेश प्रमुख सुरज सिंहले डिजिटल मिडियाको सदुपयोगभन्दा दुरुपयोग बढ्दै गएको भन्दै पत्रकारिताको आचारसंहिताको पालनामा कमजोरी देखिएकोप्रति चिन्ता व्यक्त गरे। उनले सूचना प्रवाहमा विश्वसनीयता र तथ्यपरकतालाई प्राथमिकता दिनुपर्ने धारणा राखे। पत्रकार आकाशतारा वयकले डिजिटल मिडियाको सही प्रयोग गर्न सकिए समाज रूपान्तरण, सूचना पहुँच र नागरिक सचेतनामा महत्वपूर्ण योगदान पुग्ने बताए।

पत्रकार प्रकाश अधिकारी पनि अबको युग सुहाउदो पत्रकारिता आवश्यकता रहेको भन्दै डिजिटल मिडियालाई अवसरका रुपमा लिनुपर्नेमा जोड दिए। नागरिक समाजका प्रतिनिधिहरूले पनि डिजिटल मिडियाको सकारात्मक प्रयोगलाई प्रोत्साहन गर्नुपर्ने तर त्यसको दुरुपयोग नियन्त्रणका लागि प्रभावकारी कानुनी तथा नीतिगत व्यवस्था आवश्यक रहेको बताएका छन्।

दलित महिला संघका अध्यक्ष खगिसरा ओलीले डिजिटल मिडियाले अवसरसँगै अनेक चुनौती पनि सिर्जना गरेको उल्लेख गर्दै यसको दुरुपयोग रोक्न राज्यले कानुनी व्यवस्था कडाइका साथ कार्यान्वयन गर्नुपर्ने बताए। कार्यक्रम नेपाल प्रेस युनियन सुर्खेत शाखाका अध्यक्ष मधुवन विसीको अध्यक्षतामा सम्पन्न भएको हो।

## प्लस टुको प्रमाणपत्र र पासपोर्टको दौडः

# हामी देश छोड्दै छौं कि भविष्य ?



✍ उदयमान पंगाली

बिहान ठीक छ बज्दा कुनामा राखिएको पुरानो घडीमा कर्कश अलार्म बज्छ। ओछ्यानबाट एउटा युवा झसङ्ग हुँदै ब्युँझिन्छ । तर, ऊ ब्युँझिनुको कारण ज्ञानको नयाँ क्षितिज उघार्ने उत्सुकता वा सिर्जनाको ऊर्जा होइन, बरु एउटा अज्ञात डर, भोलिको चिन्ता र भविष्यको धमिलो चित्र हो । अचेल नेपाली विद्यार्थीहरूको आँखामा ‘भोलि के बन्ने ?’ भन्ने सपना कम र ‘भोलि कुन देश जाने ?’ भन्ने अन्योल बढी देखिन्छ। कक्षाकोठामा शिक्षकले ‘भविष्यमा के बन्छौ ?’ भनेर सोध्दा डाक्टर, इन्जिनियर, प्राध्यापक वा वैज्ञानिक बन्ने रैथाने उत्तर क्रमशः हराउँदै गइरहेको छ। अहिलेको साझा र तीतो उत्तर प्रायः एउटै हुन्छ- ‘जसरी पनि प्लस टु सक्ने, अनि अस्ट्रेलिया, अमेरिका, युरोप वा जापान जाने ।’

कस्तो उदेकलाग्दो शिक्षा प्रणाली हो हाम्रो, जहाँ कखरा सिक्दै गर्दा र विद्यालयको सिँढी चढ्दै गर्दा विद्यार्थीको कलिलो मस्तिष्कमा ‘यो देश बस्न लायक छैन’ भन्ने निराशाको बीउ रोपिन थाल्छ। उच्च शिक्षा हासिल गर्ने सपना भन्दा पनि विदेश उड्ने तयारी नै प्राथमिकता बन्न थालेको छ । शिक्षा ज्ञान आर्जनको माध्यमभन्दा बढी पासपोर्टसम्म पुग्ने भऱ्याङ बनेको छ।

आज प्लस टुको प्रमाणपत्र धेरै युवाका लागि ज्ञानको उपलब्धिभन्दा पनि विमानस्थलको बोर्डिङ पासजस्तै बन्न पुगेको छ। प्रमाणपत्र हातमा पर्नासाथ अर्को प्रश्न हुन्छ- आइएल्ट्स कहिले दिने ? जापानी भाषा कहिले पढ्ने ? भिसा कहिले लाग्ने ? वर्तमानको यही भयानक अन्योलले देशको उज्यालो भविष्य मानिने युवाशक्तिलाई क्रमशः विदेशतिर धकेलिरहेको छ। परिणामस्वरूप ‘ब्रेन ड्रेन’ अर्थात् प्रतिभा पलायन तीव्र गतिमा बढिरहेको छ । यो केवल जनशक्ति बाहिरिनु मात्र होइन, देशको सिर्जनशील शक्ति, अनुसन्धान क्षमता, नेतृत्व र सम्भावनाको क्रमिक क्षय पनि हो।

एउटा बुबाले आफ्नो रगतलाई पसिना बनाएर, वैशाख/जेठको चर्को घाममा खेतबारीमा कुटो-कोदालो चलाएर, चाउरिएका हत्केलामा रगतका ठेला उठाउँदै र आफ्नो आधा पेट काटेर छोराछोरी पढाउँछन् । हिउँदको कठ्याङ्ग्रिँदो चिसोमा च्यातिएको चप्पल पड्काउँदै, साहुको ऋण तिर्न नसकेर रातभरि आँसुले सिरानी भिजाउने ती बुबाको एउटै सपना हुन्छः ‘मेरो सन्तानले मजस्तो दुःख नपाओस्। उसले उज्यालो भविष्य पाओस् ।’

आमाले बिहानैदेखि साँझसम्म घरधन्दा र मेलापात गरेर सन्तानका लागि पैसा जोहो गर्छिन् । कहिलेकाहीँ आफ्नो चाहना, रहर र आवश्यकता पनि दबाएर छोराछोरीको पढाइमा खर्च गर्छिन् । आमाबुबाको जीवनको सबैभन्दा ठूलो लगानी भनेकै सन्तानको शिक्षा हुन्छ।

तर, जब त्यही छोरा वा छोरी विश्वविद्यालयको प्रमाणपत्र हातमा लिएर, ‘बुबा, यो देशमा मेरो लागि कुनै ठाउँ रहेनछ । यहाँ मेरो भविष्य अन्धकार छ। म पनि विदेश जान्छु,’ भन्दै पासपोर्ट बोकेर अगाडि उभिन्छ, तब त्यो बुबाको मनमा चट्याङ पर्छ।

छोराछोरीलाई सहरमा पढाउन पठाउँदा ढिकी-जाँतो गरेर थुपारेको पैसा सक्किसकेको हुन्छ। आमाको नाकको फुली बैंकमा धितो परिसकेको हुन्छ । अब विदेश पठाउने खर्च जुटाउन फेरि बुबाले आफ्नो जीवनभरको कमाइ, आफ्नो जायजेथा र पुर्खाले छोडेको अन्तिम टुक्रा जमिनसमेत साहुकहाँ धितो राख्न विवश हुनुपर्छ।

कस्तो ऐतिहासिक विडम्बना हो, एउटा सार्वभौम देशले आफ्ना ऊर्जावान् सन्तानलाई आफ्नै भूमिमा सम्मानजनक भविष्यको न्यूनतम ग्यारेन्टीसमेत दिन सक्दैन, तर राज्य भने युवाको रगत र पसिनाले आएको रेमिट्यान्सको तथ्याङ्क देखाएर अर्थतन्त्र चलिरहेको दाबी गर्न व्यस्त छ । रेमिट्यान्सले अर्थतन्त्रलाई केही समय टिकाउन सक्छ, तर राष्ट्रको भविष्य कहिल्यै निर्माण गर्न सक्दैन। राष्ट्रको भविष्य त आफ्नै भूमिमा बसेर अनुसन्धान गर्ने वैज्ञानिक, बिरामीको उपचार गर्ने चिकित्सक, उद्योग खोल्ने उद्यमी, नयाँ प्रविधि विकास गर्ने इन्जिनियर र इमानदार शिक्षकले निर्माण गर्छन् । जब यिनै प्रतिभा निरन्तर बाहिरिन्छन्, तब देशको भविष्य पनि उनीहरूसँगै उड्न थाल्छ।

‘ब्रेन ड्रेन’ केवल विमानस्थलको चिसो तथ्याङ्क वा रातो-निलो पासपोर्टको निर्जीव संख्या मात्र होइन, यो त देशको आत्मा, चेतना र सम्भावनाको क्रमिक क्षय हो। राष्ट्रले वर्षौं लगानी गरेर हुर्काएका प्रतिभाशाली युवाहरू एक-एक गर्दै विदेशी भूमितर्फ लाग्नु भनेको एउटा बगैंचाबाट सबैभन्दा राम्रा बिरुवाहरू उखेलेर लैजानुजस्तै हो। बाँकी रहनेहरूमा पनि भविष्यप्रतिको आशा क्रमशः क्षीण हुँदै जान्छ । हरेक दिन त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलको प्रस्थान कक्षमा एउटा मौन कथा दोहोरिन्छ । हातमा पासपोर्ट, काँधमा ब्याकप्याक, आँखाभरि सपना र मनभित्र अनेकौं डर बोकेर हजारौं युवाहरू आफ्नो पालो पर्खिरहेका हुन्छन् । उनीहरू केवल यात्रु होइनन्स उनीहरू यो देशका सम्भावना, सिर्जनशीलता र ऊर्जाका प्रतिनिधि हुन्।

त्यहाँ एउटा कुनामा आमाले साडीको फेरोले आँसु पुछिरहेकी हुन्छिन्। बुबा छोराको काँध थम्थम्याउँदै आफूलाई बलियो देखाउने प्रयास गरिरहेका हुन्छन्, तर आँखाका डिलमा जमेको आँसु लुकाउन सक्दैनन्। सन्तानको भविष्य उज्यालो होस् भन्ने कामना र आफ्नै आँगन सधैंका लागि सुनसान हुने पीडा एकैसाथ बोकेर उनीहरू बिदाइका ती क्षण बिताइरहेका हुन्छन्। त्यो दृश्य केवल एउटा परिवारको बिछोड होइन, त्यो एउटा राष्ट्रको मौन वेदना हो । छोरालाई अन्तिम पटक अँगालो हाल्दै बुबाको मनभित्र एउटा प्रश्न बारम्बार उठिरहेको हुन्छ- ‘के मैले आफ्नो सर्वस्व बेचेर, ऋणको भारी बोक्दै, आफ्नो सन्तानलाई अरूकै देशको समृद्धि निर्माण गर्नका लागि पढाएको थिएँ ?’

यो प्रश्न केवल एउटा बुबाको होइन, आज हजारौं नेपाली अभिभावकको साझा प्रश्न हो । तर यसको उत्तर कसले दिने ? राज्यले ? नीति निर्माण गर्नेहरूले ? कि हामी सबैले ?

आज गाउँका विद्यालयहरू विद्यार्थीविहीन बन्दै गएका छन् । खेतबारी बाँझिँदै गएका छन् । गाउँका घरमा ताला झुन्डिएका छन् । धेरै घरमा वृद्ध आमाबुबा मात्रै बाँकी छन्, जो मोबाइलको स्क्रिनमा छोराछोरीको अनुहार हेरेर चाडपर्व मनाउन बाध्य छन्। दसैं-तिहारमा घर भरिने हाँसो अब भिडियो कलको आवाजमा सीमित हुँदै गएको छ। हामीले विकासका नाममा सडक बनायौं, पुल बनायौं, भ्यु टावर बनायौं, ठूलाठूला भवन ठड्यायौं। तर ती संरचनाभित्र जीवन भर्ने, अनुसन्धान गर्ने, उद्योग खोल्ने, रोजगारी सिर्जना गर्ने र देशको भविष्य लेख्ने युवाशक्ति नै यहाँ रहने छैन भने यस्ता भौतिक संरचनाको अर्थ के रहन्छ ?

देश त केवल ढुङ्गा, माटो, सिमेन्ट र कंक्रिटको नाम होइन । देश भनेको यहाँका मानिस, उनीहरूको सपना, परिश्रम, सिर्जना र आत्मीयता हो । यदि मान्छे नै रहेनन् भने विकासका ती सबै संरचना अन्ततः निर्जीव स्मारक मात्र बन्नेछन् । यद्यपि, यो सम्पूर्ण दोष युवामाथि थोपर्नु न्यायोचित हुँदैन। युवा अवसर खोज्छन्, सम्मान खोज्छन् र आफ्नो श्रमको उचित मूल्य खोज्छन् । यदि त्यो आफ्नै देशमा पाइन्छ भने धेरैजसो युवा आफ्नी आमा, आफ्नो बुबा, आफ्नो गाउँ र आफ्नो माटो छोडेर हजारौं किलोमिटर टाढा जान चाहँदैनन्। कसैलाई पनि आफ्नो जन्मभूमि पराइँ हुँदैन, परिस्थितिले मात्र पराइ बनाउँछ।

त्यसैले अब राज्यले युवालाई विदेश नजाऊ भनेर भाषण मात्र गरेर पुग्दैन । उनीहरूलाई आफ्नै देशमा बस्ने कारण दिनुपर्छ । गुणस्तरीय शिक्षा, सीपमूलक तालिम, अनुसन्धानको वातावरण, उद्यमशीलतालाई प्रोत्साहन, पारदर्शी शासन, रोजगारीको सुनिश्चितता र श्रमको सम्मान- यिनै हुन् प्रतिभा पलायन रोक्ने वास्तविक उपाय।

शिक्षालाई केवल प्रमाणपत्र वितरण गर्ने कारखाना होइन, उत्पादन, नवप्रवर्तन र उद्यमसँग जोडिएको प्रणाली बनाउनुपर्छ विश्वविद्यालयलाई बेरोजगार उत्पादन गर्ने केन्द्र होइन, समाधान खोज्ने ज्ञान-केन्द्रमा रूपान्तरण गर्नुपर्छ । जब विद्यार्थीले आफ्नै देशमा आफ्नो प्रतिभाको सम्मान हुन्छ भन्ने अनुभूति गर्छ, तब मात्र पासपोर्टभन्दा आफ्नो माटो प्रिय लाग्न थाल्छ।

विद्यार्थी साथीहरू, विदेश जानु अपराध होइन । संसार हेर्नु, नयाँ ज्ञान सिक्नु, अनुभव बटुल्नु र आफूलाई सक्षम बनाउनु आवश्यक छ। तर एउटा कुरा कहिल्यै नबिर्सौं- आफ्नो जन्मभूमिप्रतिको दायित्व पनि उत्तिकै ठूलो हुन्छ। यदि अवसर मिलेमा आफूले सिकेको ज्ञान, सीप र अनुभव कुनै दिन आफ्नै देशको विकासमा लगाउने संकल्प गरौं।

अन्त्यमा, राज्यसँग एउटा विनम्र तर गम्भीर आग्रहः युवालाई भाषण होइन, भरोसा दिनुहोस् । आश्वासन होइन, अवसर दिनुहोस् । नाराहरू होइन, परिणाम दिनुहोस् । यस्तो वातावरण निर्माण गर्नुहोस्, जहाँ कुनै पनि नेपाली विद्यार्थीले प्लस टुको प्रमाणपत्र हातमा लिँदा सबैभन्दा पहिले पासपोर्टको होइन, आफ्नै देशमा केही गर्ने सपनाको खोजी गरोस्।

त्यस दिन विमानस्थलमा बुबाको आँसु कम हुनेछ । आमाको मनमा पीडाभन्दा गर्व बढी हुनेछ। अनि प्लस टुको प्रमाणपत्र विदेश पलायनको टिकट होइन, आफ्नै मातृभूमिको समृद्ध भविष्य निर्माण गर्ने पहिलो पाइला बन्नेछ । किनकि देश छोडेर व्यक्तिगत भविष्य बनाउन सकिन्छ, तर देशकै भविष्य खाली हुँदै गयो भने त्यसको मूल्य अन्ततः सम्पूर्ण राष्ट्रले चुकाउनुपर्छ। अबको पुस्ताको भविष्य जोगागाउनका लागि सरकारले ठोस र कार्यान्वयन गर्न सक्ने खालका योजना बनाउन आवश्यक छ । परिवर्तनका लागि भन्दै देशको बागडोर सम्हाल्ने जिम्मेवारी आफ्नो हातमा लिएका युवाहरुले ति युवाका लागि कहिले सोच्ने ? जसको काँधमा टेकेर तिमी सत्ताको कुर्सीमा आसन गरिरहेका छौ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
ह.नि.सु.द.नं. ०१/२०८२/०८३

# काँक्रेविहारलाई विश्वस्तरीय पर्यटन केन्द्र बनाउन सुझाव

❑ **काँक्रेविहार संवाददाता**
सुर्खेत, १३ असार

सुर्खेतस्थित ऐतिहासिक काँक्रेविहारलाई संरक्षण गर्दै विश्वस्तरीय बौद्ध, सांस्कृतिक तथा धार्मिक पर्यटन केन्द्रका रूपमा विकास गर्नुपर्ने आवश्यकता औँल्याइएको छ।

पुरातात्त्विक, धार्मिक र प्राकृतिक दृष्टिले महत्वपूर्ण मानिने काँक्रेविहारको दीर्घकालीन संरक्षणसँगै आधुनिक व्यवस्थापन अपनाउन सके यसलाई अन्तर्राष्ट्रिय आकर्षणको केन्द्र बनाउन सकिने धारणा व्यक्त गरिएको हो।



काँक्रेविहारको अध्ययन तथा अवलोकनका क्रममा यसको ऐतिहासिक महत्व, धार्मिक मूल्य र पर्यटन सम्भावनाबारे गरिएको छलफलपछि यस क्षेत्रको समग्र विकासका लागि दीर्घकालीन अवधारणा सार्वजनिक गरिएको छ।

अध्ययन टोलीका अनुसार काँक्रेविहार केवल पुरातात्त्विक अवशेषमा सीमित नभई नेपालको बौद्ध सभ्यता, सांस्कृतिक सम्पदा र आध्यात्मिक पर्यटनको महत्वपूर्ण धरोहरका रूपमा विकास हुनसक्ने क्षमता बोकेको स्थल हो।

अवधारणामा काँक्रेविहारलाई वैज्ञानिक रूपमा संरक्षण गरिएको पुरातात्त्विक पार्क, अन्तरर्ाष्ट्रिय ध्यान केन्द्र, बौद्ध अध्ययन तथा अनुसन्धान केन्द्र र विश्वस्तरीय धार्मिक पर्यटन गन्तव्यका रूपमा विकास गर्नुपर्ने प्रस्ताव गरिएको छ।आधुनिक सूचना केन्द्र, डिजिटल प्रविधिमार्फत इतिहासको प्रस्तुति, ध्यान स्थल, पुस्तकालय, हरित उद्यान तथा पर्यावरणमैत्री पूर्वाधार निर्माण गर्नुपर्ने सुझाव पनि दिइएको छ। यसका साथै स्थानीय समुदायलाई पर्यटन, हस्तकला, सांस्कृतिक कार्यक्रम तथा सेवा व्यवसायसँग जोडेर आर्थिक रूपमा सबल बनाउने योजनालाई प्राथमिकता दिनुपर्ने उल्लेख गरिएको छ।

काँक्रेविहारलाई युनेस्को विश्वसम्पदा सूचीमा सूचीकृत गराउन आवश्यक पहल गर्दै अन्तर्राष्ट्रिय स्तरमा प्रचारप्रसार बढाउनुपर्ने धारणा पनि प्रस्तुत गरिएको छ।

अध्ययन टोलीले सरकारी निकाय, स्थानीय समुदाय, पुरातत्त्वविद्, अन्तर्राष्ट्रिय संस्था र निजी क्षेत्रबीच सहकार्य हुन सके काँक्रेविहारलाई दक्षिण एसियाकै प्रमुख बौद्ध तथा सांस्कृतिक केन्द्रका रूपमा स्थापित गर्न सकिने विश्वास व्यक्त गरेको छ। उनीहरूका अनुसार संरक्षण, पर्यटन प्रवर्द्धन, वातावरणीय सन्तुलन र स्थानीय सहभागितालाई एकसाथ अघि बढाउन सके काँक्रेविहारले नेपालको पर्यटन तथा सांस्कृतिक क्षेत्रमा नयाँ पहिचान स्थापित गर्न महत्वपूर्ण योगदान पुर्‍याउनेछ।

## कर्णाली क्रिकेट कप आजदेखि

# आठ जिल्लाबीच प्रतिस्पर्धा

❑ **काँक्रेविहार संवाददाता**
सुर्खेत, १३ असार

कर्णाली खेलकुद परिषद्को सहयोग तथा कर्णाली प्रदेश क्रिकेट संघको आयोजनामा प्रदेशस्तरीय टी-२० क्रिकेट प्रतियोगिता 'कर्णाली क्रिकेट कप २०८३' आयोजना हुने भएको छ।

प्रतियोगिता असार १४ गतेदेखि १८ गतेसम्म सुर्खेतमा सञ्चालन हुने आयोजकले जनाएको छ। प्रतियोगिताबारे जानकारी दिन शनिबार आयोजित पत्रकार सम्मेलनमा कर्णाली प्रदेश क्रिकेट संघका सचिव श्रीधर केसीले प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको जानकारी दिए।

उनका अनुसार कर्णाली प्रदेशका प्रत्येक जिल्लामा क्रिकेट खेलको पहुँच विस्तार गर्ने, नयाँ प्रतिभावान खेलाडीको पहिचान गर्ने, खेलाडीलाई प्रतिस्पर्धात्मक अवसर उपलब्ध गराउने तथा प्रदेशमा क्रिकेटको समग्र विकासमा टेवा पुर्‍याउने उद्देश्यले प्रतियोगिता आयोजना गर्न लागिएको हो।

प्रतियोगितामा कर्णाली प्रदेशका आठ जिल्लाका टोलीहरू सहभागी हुनेछन्। सहभागी जिल्लामा मुगु, कालिकोट, जुम्ला, दैलेख, सुर्खेत, सल्यान, जाजरकोट र रुकुम पश्चिम रहेका छन्। यी जिल्लाका उत्कृष्ट खेलाडीबीच हुने प्रतिस्पर्धाले प्रदेशस्तरमा क्रिकेटको गुणस्तर अभिवृद्धि गर्न सहयोग पुग्ने विश्वास आयोजकको छ।

प्रतियोगिताका खेलहरू जिल्ला क्रिकेट मैदान कालिन्चोक तथा वीरेन्द्रनगर स्थित दुई मैदानमा सञ्चालन गरिनेछन्। दर्शक तथा क्रिकेटप्रेमीलाई सहज रूपमा प्रतियोगिता हेर्न मिलोस् भन्ने उद्देश्यले सम्पूर्ण खेलहरू काष्ठमाण्डप टि.भी. मार्फत प्रत्यक्ष प्रसारण (लाइभ) गरिने व्यवस्था मिलाइएको सचिव केसीले जानकारी दिए।

प्रतियोगितालाई थप प्रतिस्पर्धात्मक र आकर्षक बनाउन विभिन्न विधामा नगद पुरस्कारको व्यवस्था गरिएको छ। प्रतियोगिताको विजेता टोलीले रु. एक लाख एक हजार नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टोलीलाई रु. ५१ हजार नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिनेछ।




**गर्मी मौसममा सावधानी अपनाऔ, सुरक्षित बनौं**

- प्रयाप्त मात्रामा सफा पानी, स्वच्छ खाना तथा तरल पदार्थ सेवन गरौं,
- अत्यधिक घाममा लामो समयसम्म नबसौं,
- चर्को घाममा बाहिर निस्कँदा छाता, टोपी र पातलो कपडा प्रयोग गरौं,
- जंकफूड, बासी, सडेगलेका तथा दूषित खानेकुरा नखाऔं,
- बालबालिका, ज्येष्ठ नागरिक तथा बिरामीको विशेष हेरचाह गरौं,
- तातो हावाका कारण लु का लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं,
- घर तथा कार्यस्थललाई स्वच्छ, सफा र शितल राखौं।

**नेपाल सरकार**
विज्ञापन बोर्ड




काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)